सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ६ ♦ २०८३ साल असोज १८ आइतवार ♦ 4 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
prabhu bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# मधेसमा दुई महिनामा ४५९ विपद्का घटना, ९२ को मृत्यु

खबर दर्पण समाचारदाता

**असोज १७ गते, बर्दिवास**

मधेस प्रदेशमा चालु आर्थिक वर्ष २०८३-८४ को पहिलो दुई महिनामै विपद्का ४५९ घटना भएका छन् ।



ती घटनामा परी ९२ जनाको मृत्यु भएको छ भने पाँच सय भन्दा बढी परिवार प्रभावित भएका छन् । मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार चालु आवको साउन र भदौ महिनामा भएका विपद्का घटनामा ४७ पुरुष, १९ महिला र २६ बालबालिकासहित ९२ जनाले ज्यान गुमाएका हुन् ।

उक्त अवधिमा आगलागी, बाढी, चट्याङ, करेन्ट, पानीमा डुब्ने, जङ्गली जनावरको आक्रमण, डुबानलगायत विपद्का घटना भएका छन् । विपद्का कारण मानवीय क्षतिसँगै घर, पशुचौपाया तथा अन्य भौतिक संरचनामा क्षति पुगेको छ ।

विपद्का विभिन्न घटनामध्ये करेन्ट लागेर मृत्यु हुनेको सङ्ख्या सबैभन्दा बढी रहेको छ । दुई महिनाको अवधिमा करेन्ट लागेर ३९ जनाको मृत्यु भएको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुर धामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो ।

त्यसैगरी पानीमा डुबेर २९ जनाको मृत्यु भएको छ। जङ्गली जनावरको आक्रमणबाट पाँच जना, चट्याङ लागेर तीन जना तथा आगलागीबाट एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । अन्य विभिन्न विपद्का घटनामा १३ जनाको मृत्यु भएको छ ।

प्रहरीका अनुसार मृत्यु हुनेमा बालबालिकाको सङ्ख्या पनि उल्लेख्य छ। बाढी, डुबान तथा पानीमा डुब्ने घटनाका साथै करेन्ट र अन्य जोखिमपूर्ण घटनामा बालबालिकासमेत पर्ने गरेका छन् ।

मधेसमा वर्षायामसँगै बाढी तथा डुबानको जोखिम बढ्ने गरेको छ । यस अवधिमा खोलानाला तथा नदीमा पानीको बहाव बढ्नुका साथै ग्रामीण क्षेत्रमा रहेका पोखरी, खाल्डाखुल्डी तथा जलाशयमा डुबेर मानिसको मृत्यु हुने गरेको प्रहरीले जनाएको छ ।

प्रदेश प्रहरी कार्यालयका अनुसार दुई महिनाको अवधिमा आगलागीका मात्रै ११२ घटना भएका छन् । आगलागीका कारण ठूलो मात्रामा धनमालको क्षति भएको छ । त्यसैगरी करेन्ट लागेका १०७ घटना भएका छन् । पानीमा डुबेका ३७, जङ्गली जनावरको आक्रमणका ३२, बाढीका १२ तथा चट्याङका १० घटना भएको प्रहरीले जनाएको छ ।

आगलागी र करेन्टसँग सम्बन्धित घटनाको सङ्ख्या उल्लेख्य देखिए पनि यी घटनामा मानवीय क्षति न्यूनीकरणका लागि पूर्वसावधानी तथा जनचेतनाको भूमिका महत्त्वपूर्ण हुने बरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताउनुभयो ।

विपद्का ४५९ घटनाबाट दुई करोड ९२ लाख ४७ हजार ५५५ रुपियाँ बराबरको भौतिक क्षति भएको मधेस प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ । आगलागीका घटनाबाट मात्रै २१२ परिवारका घर जलेका छन् । आगलागीबाट दुई करोड ७० लाख १३ हजार ३५० रुपियाँ बराबरको क्षति भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

त्यसैगरी बाढी तथा पहिरोबाट ११ लाख ९० हजार रुपियाँ बराबरको क्षति भएको छ । चट्याङबाट तीन लाख, जंगली जनावरको आक्रमणबाट दुई लाख ७२ हजार रुपियाँ तथा अन्य विभिन्न विपद्का घटनाबाट चार लाख ६३ हजार रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

सो अवधिमा भएका विपद्का घटनाबाट ५१० परिवार प्रभावित भएका छन् । विपद्का कारण कतिपय परिवार

बाँकी पृष्ठ ३ मा

# जनमत पार्टीको अध्यक्षमा डा. सिके राउतको एकल उम्मेदवारी

खबर दर्पण समाचारदाता

**असोज १७ गते, बर्दिवास**

जनमत पार्टीको वीरगञ्जमा जारी दोस्रो महाधिवेशनमा अध्यक्ष पदमा वर्तमान अध्यक्ष डा. सीके राउतको एकल उम्मेदवारी परेको छ । अध्यक्ष पदमा डा. सीके राउतको मात्र उम्मेदवारी परेको हो भने अन्य पदमा एकभन्दा बढीको उम्मेदवारी परेको हो ।

हरेक उम्मेदवारले कुल मतको २० प्रतिशतभन्दा बढी मत ल्याउनै पर्ने पार्टीको विधानअनुसार अध्यक्ष पदमा एकल उम्मेदवारी परेपनि अध्यक्ष पदमासमेत मतदान हुने भएको छ। अध्यक्षका एकल उम्मेदवार राउतले २० प्रतिशतभन्दा बढी मत ल्याएमा उहाँ निर्विरोध निर्वाचित हुनु हुनेछ भने अन्य पदहरूमा प्रतिस्पर्धा हुनेछ । करिब दुई हजार मतदाता रहेको भएपनि शनिबार सम्पन्न मतदानमा १ हजार १ सय ५५ मत खसेको छ भने मत गणना रातको नौ बजेबाट सुरु हुने बताइएको छ ।

सात जना उपाध्यक्षका लागि ११ जना, एक जना महासचिवका लागि तीन जना र एक जना उपमहासचिवका लागि दुई जनाले उम्मेदवारी दिएका छन्। त्यस्तै, सात जना सचिवका लागि ९ जनाको उम्मेदवारी परेको छ। केन्द्रीय कार्यकारिणी समिति सदस्यका लागि ७३ जनाको उम्मेदवारी परेको जनमत पार्टीका पर्साका अध्यक्ष तथा महाधिवेशन व्यवस्थापन समितिका संयोजक ओमप्रकाश सरार्फले जानकारी दिनु भयो ।

उपाध्यक्ष पदमा वसन्तकुमार कुशवाहा, अनिता साह, अनिता मण्डल, डा. जयकान्त राउत, नरेन्द्रप्रसाद चौधरी, माधवप्रसाद सिंह, राजकुमार यादव (त्यागी), परमेश्वर मुर्मु, रोशन खातुन, हरपाल सिंह सोडी र मनोहरी देवी बैठाले उम्मेदवारी दिनु भएको छ भने डा. कमरुल्लाह अन्सारी, सञ्जयकुमार मिश्र, मदनेशकुमार चौधरीको उम्मेदवारी रद्द भएको छ ।

त्यस्तै, महासचिवमा चन्दन सिंह, ममता झा र सञ्जयकुमार यादव तथा उपमहासचिवमा निर्मलकुमार मण्डल र ललितचन्द्र मल्लिकले उम्मेदवारी दिनु भएको छ। सचिव पदमा सन्तोषकुमार सहनी, सुरेन्द्र शर्मा मधेसी, हरेन्द्र चौधरी, अञ्जनीदेवी, पारसप्रसाद साह, राधाकुमारी यादव, बालगोविन्द चौधरी, वीरेन्द्र महतो (जीवन त्यागी) र रामबाबु साहले उम्मेदवारी दिनु भएको छ भने रोहित महतो उम्मेदवारी रद्द भएको छ ।



निर्वाचनसम्बन्धी निर्देशिका अनुसार महाधिवेशनबाट १०० जना केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरू निर्वाचित हुनेछन् । बाँकी ५१ सिटमा समावेशी ढङ्गबाट मनोनीत गरिने व्यवस्था रहेको छ । कार्यकारिणी समितिमा ४० वर्षमुनिका युवा तथा महिलाको सहभागिता एकतिहाइ पुऱ्याउने लक्ष्य लिईएको छ । जारी महाधिवेशनबाट कुल १७ जना पदाधिकारीहरू निर्वाचित हुनेछन् । जसमा एक अध्यक्ष, बढीमा सात उपाध्यक्ष, एक महासचिव, एक उपमहासचिव र बढीमा सात जना सचिव र हनेछन्। निर्वाचित हुन नसकेका वा रिक्त पदहरूमा पार्टी अध्यक्षले मनोनयन गर्न सक्ने व्यवस्था निर्देशिकामा उल्लेख छ। साथै, कोषाध्यक्ष र प्रवक्ता पनि अध्यक्षले नै मनोनीत गर्ने व्यवस्था छ ।

जनमत पार्टीका पसाका अध्यक्ष तथा महाधिवेशन व्यवस्थापन समितिका संयोजक ओमप्रकाश सरार्फको अध्यक्षतामा सम्पन्न जनमत पार्टीको दोस्रो महाधिवेशनको उदघाट्न समारोहमा सहिद परिवारकी राधा यादवलाई प्रमुख अतिथिका बनाईएको थियो ।

शनिबार सम्पन्न उदघाट्न समारोहमा जनमत पार्टीका अध्यक्ष डा. सीके राउत जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, रास्वपाका संसदीय दलका उपनेता गणेश पराजुली, नेपाली कम्युनिस्ट पार्टीका मातृका प्रसाद यादव, उज्यालो नेपालका अध्यक्ष कुलमान घिसिङ, नेसपाका अध्यक्ष रिजवान अन्सारी तथा स्वतन्त्र अभियन्ता ऋषि धमलालगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

# ओझेलमा मधेसको बेलदार समुदाय : पहिचानदेखि अधिकारसम्मको संघर्ष



जीवछ राउत बेलदार

नेपालको सामाजिक संरचना विविधताले भरिएको छ। यही विविधताभित्र केही समुदाय यस्ता छन्, जसको योगदान राज्य निर्माणको इतिहाससँग जोडिएको छ, तर राज्यका आधिकारिक अभिलेख, नीति र अवसरमा उनीहरूको उपस्थिति अझै कमजोर छ। मधेसमा लामो समयदेखि बसोबास गर्दै आएको बेलदार समुदाय पनि त्यस्तै सीमान्तकृत समुदायमध्ये एक हो।

बेलदार समुदायले पुस्तौंदेखि माटो खन्ने, पोखरी तथा नहर निर्माण गर्ने, सडकको ट्र्याक खोल्ने र कृषि योग्य जमिन तयार पार्ने जस्ता कठिन श्रममा योगदान दिँदै आएको प्रतिवेदनमा उल्लेख छ। आधुनिक मेसिनरीको विकास नभएको समयमा मधेसको भौतिक संरचना निर्माणमा उनीहरूको श्रम महत्वपूर्ण थियो। तर विडम्बना के छ भने अरूका लागि जमिन तयार पार्ने समुदाय स्वयं भूमिहीनताको पीडामा बाँचिरहेको छ।

### जनगणनामा पहिचान, व्यवहारमा अझै अनिश्चितता

राष्ट्रिय जनगणना २०७८ बेलदार समुदायका लागि महत्वपूर्ण घटना बनेको छ। जनगणनाले बेलदारलाई नेपालमा नयाँ सूचीकृत १७ जातजातिमध्ये समेटेको र यससँगै मुलुकमा सूचीकृत जातजातिको संख्या १२५ बाट बढेर १४२ पुगेको प्रतिवेदनले जनाएको छ।

तर सूचीकरण हुनु मात्रले समुदायको सामाजिक, आर्थिक र राजनीतिक अवस्था तत्काल परिवर्तन हुने अवस्था देखिँदैन। प्रतिवेदनअनुसार नेपालभर बेलदारको जनसंख्या जम्मा ३ हजार ३७ रहेको छ। तीमध्ये मधेस प्रदेशमा २ हजार २७३ र लुम्बिनी प्रदेशमा ७६४ जना छन्। मधेसमा धनुषा, महोत्तरी, सिरहा, बारा र पर्सा तथा लुम्बिनीमा रुपन्देही, कपिलवस्तु र नवलपरासी पश्चिममा उनीहरूको मुख्य बसोबास रहेको उल्लेख छ।

यति सानो जनसंख्या र सीमित भौगोलिक उपस्थितिका कारण समुदायको राजनीतिक प्रभाव र राज्यका निर्णय प्रक्रियामा पहुँच कमजोर हुनु स्वाभाविक देखिन्छ। यही कारण बेलदार समुदायको आवाज स्थानीयदेखि राष्ट्रिय तहसम्म पर्याप्त रूपमा सुनिन नसकेको प्रतिवेदनको निष्कर्ष छ।

### 'बेलदार' नाममै श्रमको इतिहास

'बेलदार' शब्दको व्युत्पत्तिलाई प्रतिवेदनले 'बेल' र 'दार'सँग जोडेको छ। बेल अर्थात् माटो खन्ने औजार र दार अर्थात् त्यसलाई चलाउने व्यक्ति। यस अर्थमा बेलदार नाम आफैँमा श्रमसँग जोडिएको पहिचान हो।

तर इतिहासको विडम्बना यहीं देखिन्छ। मधेसको कृषि तथा भौतिक विकासका लागि आवश्यक पोखरी, कुलो, नहर, बाटो र खेतीयोग्य जमिन निर्माणमा श्रम गर्ने समुदायले आफ्नै जीवनका आधारभूत स्रोतमा भने पर्याप्त पहुँच बनाउन सकेन।

परम्परागत रूपमा सामूहिक ज्याला मजदुरीमा निर्भर रहेको यो समुदाय अहिले आधुनिक श्रम बजारमा प्रवेश गर्न थालेको छ। युवा पुस्ता निर्माण क्षेत्रमा राजमिस्त्री, डकर्मी र पेन्टरका रूपमा काम गर्न थालेको छ। कतिपय युवा रोजगारीका लागि कतार, साउदी अरब र मलेसियालगायतका मुलुकमा जाने क्रम बढेको प्रतिवेदनमा उल्लेख छ। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण पनि धेरै परिवारको जीविकोपार्जनको आधार बन्न थालेको छ।

### भाषा र संस्कृति पनि संकटमा

बेलदार समुदायको आफ्नै पृथक मातृभाषा नभए पनि उनीहरूको सांस्कृतिक पहिचान मधेसको साझा संस्कृति र स्थानीय भाषासँग जोडिएको छ। बारा र पर्सातिर भोजपुरी तथा धनुषा र सिरहातिर मैथिली बोल्ने गरेको प्रतिवेदनमा उल्लेख छ। लुम्बिनी क्षेत्रमा अवधी मिश्रित भोजपुरीको प्रयोग पाइन्छ।

छठ, चौठचन्द्र, होली र दीपावलीजस्ता पर्व उनीहरूले आफ्नै परम्पराअनुसार मनाउँदै आएका छन्। श्रमसँग जोडिएको उनीहरूको संस्कृतिमा माटो, पानी तथा कोदालो र खन्तीजस्ता औजारको पूजा गर्ने परम्परा पनि रहेको उल्लेख छ। विवाह तथा अन्य सामाजिक संस्कारमा मैथिली र भोजपुरी लोकसंस्कृतिको प्रभाव देखिन्छ।

तर नयाँ पुस्तामा नेपाली र हिन्दी भाषाको प्रभाव बढ्दै जाँदा स्थानीय लवज र मौलिक सांस्कृतिक अभ्यास कमजोर हुँदै गएको प्रतिवेदनले औँल्याएको छ। सानो जनसंख्या भएको समुदायका लागि भाषा र सांस्कृतिक अभ्यासको संरक्षण केवल सांस्कृतिक विषय नभई पहिचान जोगाउने विषय पनि हो।

### शिक्षा र भूमिहीनताको दोहोरो मार

बेलदार समुदायको सबैभन्दा गम्भीर चुनौतीमध्ये शिक्षा र भूमिहीनता देखिन्छ। प्रतिवेदनले समुदायको साक्षरता करिब ४० प्रतिशतको हाराहारीमा रहेको अनुमान गरेको छ। गरिबी, चेतनाको कमी र सानै उमेरमा श्रम बजारमा प्रवेश गर्नुपर्ने बाध्यताले विद्यालय छाड्ने दर उच्च रहेको उल्लेख छ। उच्च शिक्षा हासिल गर्नेको संख्या अत्यन्त न्यून रहेको प्रतिवेदनको दाबी छ।

शिक्षाको कमजोरीसँगै भूमिहीनताको समस्या जोडिएको छ। धेरै परिवारको आफ्नै नाममा खेतीयोग्य जमिन वा घरघडेरी नरहेको र सार्वजनिक वा ऐलानी जमिन, नदी किनार तथा नहरका डिलमा अस्थायी संरचना बनाएर बस्ने गरेको प्रतिवेदनमा उल्लेख छ।

भूमिको स्वामित्व नहुँदा आवासलगायत राज्यका केही कार्यक्रमको लाभ लिनसमेत कठिनाइ हुने गरेको देखिन्छ। यसले गरिबीलाई एक पुस्ताबाट अर्को पुस्तामा निरन्तरता दिने जोखिम बढाउँछ।

### कानुनी वर्गीकरणको अन्योल

बेलदार समुदायको अर्को महत्वपूर्ण प्रश्न कानुनी पहिचानसँग जोडिएको छ। प्रतिवेदनअनुसार भौगोलिक तथा भाषिक अवस्थाका आधारमा बेलदारलाई मधेसी समुदायअन्तर्गत राखिएको छ र मधेसी कोटाका लागि योग्य मानिन्छ। तर मधेसी आरक्षणभित्र अन्य सामाजिक तथा आर्थिक रूपमा अगाडि रहेका समुदायसँग प्रतिस्पर्धा गर्नुपर्ने भएकाले अत्यन्त न्यून जनसंख्या र कमजोर आर्थिक अवस्थाको बेलदार समुदायले आरक्षणको वास्तविक लाभ लिन नसकेको प्रतिवेदनको तर्क छ।

यसैबीच, वि.सं. २०८३ असोज ८ गते प्रकाशित नेपाल राजपत्रमा दलित जाति तथा थरहरूको संशोधित सूचीमा समेत बेलदार समुदाय समेटिन नसकेको प्रतिवेदनले उल्लेख गरेको छ। यसले समुदायको कानुनी वर्गीकरण र राज्यबाट प्राप्त हुने लक्षित सुविधाको विषयलाई थप जटिल बनाएको छ।

### सामाजिक सुरक्षा सुविधाको प्रश्न

बेलदार समुदायको जनसंख्या अन्य केही साना तथा लोपोन्मुख समुदायसँग तुलना गर्न मिल्ने भए पनि आफूले त्यस्तो विशेष संरक्षण नपाएको गुनासो रहेको प्रतिवेदनमा उल्लेख छ।

अर्कोतर्फ, मधेसी दलितको आधिकारिक सूचीमा नपरेका कारण दलित लक्षित केही सामाजिक सुरक्षा तथा विकास कार्यक्रमबाट समेत उनीहरू वञ्चित हुने अवस्था रहेको प्रतिवेदनको दाबी छ। यसले एउटा महत्वपूर्ण प्रश्न उठाउँछ–सानो र सामाजिक-आर्थिक रूपमा कमजोर समुदायलाई कुन कानुनी वर्गमा राख्दा उनीहरूको वास्तविक आवश्यकता सम्बोधन हुन्छ?

कुनै समुदायको नाम एउटा सूचीमा राख्नु वा नराख्नु केवल प्रशासनिक प्रक्रिया होइन। त्यसले छात्रवृत्ति, सामाजिक सुरक्षा, प्रतिनिधित्व, रोजगारी, आवास र अन्य अवसरमा प्रत्यक्ष प्रभाव पार्न सक्छ।

*बाँकी पृष्ठ ३ मा*


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ओझेलमा मधेसको...

### राजनीतिक प्रतिनिधित्वको अभाव

बेलदार समुदायको राजनीतिक प्रतिनिधित्व पनि कमजोर रहेको प्रतिवेदनले उल्लेख गरेको छ। न्यून जनसंख्या र आर्थिक रूपमा कमजोर अवस्थाका कारण स्थानीय तहका निर्णय प्रक्रियामा समेत उनीहरूको प्रतिनिधित्व न्यून रहेको देखिन्छ। यसले उनीहरूको समस्या नीति निर्माणको प्राथमिकतामा पर्न कठिन बनाएको छ। राज्यबाट सेवा र सुविधा पाउन कानुनी अधिकार मात्र पर्याप्त हुँदैन। त्यसका लागि नीति निर्माणमा आवाज, प्रशासनिक पहुँच र सामाजिक शक्ति पनि आवश्यक हुन्छ। बेलदार समुदायका लागि यही पक्ष अहिले ठूलो चुनौतीका रूपमा देखिएको छ।

### अबको बाटो के?

बेलदार समुदायका अगुवा, सामाजिक अभियन्ता तथा नागरिक समाजका संस्थाहरूले समुदायलाई 'मधेसी दलित' को सूचीमा समावेश गर्न माग गर्दै आएको प्रतिवेदनमा उल्लेख छ। उनीहरूको तर्क सामाजिक-आर्थिक अवस्थाका आधारमा बेलदार समुदायले अन्य सीमान्तकृत दलित समुदायसरह संरक्षण पाउनुपर्ने भन्ने छ। यस विषयमा राज्यले भावनात्मक वा राजनीतिक निर्णयभन्दा तथ्यमा आधारित अध्ययन गर्नु आवश्यक देखिन्छ। बेलदार समुदायको वास्तविक सामाजिक, आर्थिक, शैक्षिक, भूमिस्वामित्व, रोजगारी र जनसांख्यिक अवस्थाबारे विस्तृत अध्ययन गरी त्यसका आधारमा कानुनी तथा नीतिगत वर्गीकरण गरिनु आवश्यक छ।

सानो जनसंख्या भएकै कारण कुनै समुदायको अधिकार सानो हुँदैन। बरु जनसंख्या कम भएका समुदायका लागि पहिचान, भाषा, संस्कृति, शिक्षा र सामाजिक सुरक्षा संरक्षणको आवश्यकता अझ बढी हुन सक्छ।

बेलदार समुदायको कथा केवल एउटा जातिको कथा होइन। यो राज्य निर्माणमा योगदान गर्ने श्रमिक समुदायको पहिचान, अवसर र सामाजिक न्यायको प्रश्न हो। जनगणनामा नाम समेटिएपछि पहिचानको पहिलो ढोका खुलेको छ। अब त्यसलाई अधिकार, अवसर र सम्मानसँग जोड्नु आवश्यक छ।

राज्यले तथ्यमा आधारित पुनरावलोकन, लक्षित शैक्षिक कार्यक्रम, भूमिहीन परिवारका लागि आवास तथा भूमि पहुँच, स्वास्थ्य सुरक्षा, रोजगारी तथा सीप विकास र प्रतिनिधित्वका अवसरबारे ठोस नीति बनाउन सकेमा बेलदार समुदायको पुस्तौँदेखिको पछौटेपन घटाउन सहयोग पुग्न सक्छ।

समावेशी समाजको वास्तविक परीक्षा बहुसंख्यक समुदायको अवसरमा होइन, सानो र कमजोर समुदायले राज्यबाट कति न्याय र संरक्षण पाउँछ भन्ने कुरामा हुन्छ। त्यसैले मधेसको इतिहासमा श्रमको गहिरो छाप छोडेको बेलदार समुदायलाई अब पनि ओझेलमै राख्ने कि उसको पहिचान र अधिकारलाई संस्थागत गर्ने भन्ने प्रश्न राज्यसामु उभिएको छ।

# उम्मेदवारीबारे भ्रमपूर्ण सूचना नफैलाउन

# रास्वपा गौशाला नगर सभापति गुप्ताको आग्रह

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**असोज १७ गते, महोत्तरी**

स्थानीय तह निर्वाचनलाई लक्षित गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गौशालाका तर्फबाट विभिन्न पदमा उम्मेदवारी र टिकट टुङ्गिएको भन्दै सामाजिक सञ्जाल तथा विभिन्न सञ्चार माध्यममा सार्वजनिक भइरहेका सूचनाप्रति रास्वपा गौशालाले आपत्ति जनाएको छ ।

रास्वपा गौशाला नगर सभापति ज्ञानेन्द्रप्रसाद गुप्ताले शनिबार विज्ञप्ति जारी गर्दै पार्टीका तर्फबाट मेयर, उपमेयर, वडाध्यक्षलगायत विभिन्न पदका उम्मेदवारको टिकट तथा उम्मेदवारी अन्तिम भइसकेको भन्ने प्रचार आधिकारिक नभएको स्पष्ट पार्नुभएको हो । उहाँका अनुसार पार्टीमा उम्मेदवार छनोट तथा टिकट निर्धारण निश्चित विधि, प्रक्रिया र मापदण्डअनुसार सम्बन्धित पार्टी निकायको आधिकारिक निर्णयबाट हुने व्यवस्था छ । त्यसैले सम्बन्धित निकायबाट निर्णय भई सार्वजनिक नभएसम्म कुनै व्यक्ति, समूह वा अन्य माध्यमबाट सार्वजनिक गरिएका उम्मेदवारी वा टिकटसम्बन्धी दाबीलाई पार्टीको आधिकारिक निर्णयका रूपमा नलिन उहाँले आग्रह गर्नुभएको छ ।

"पार्टीको आधिकारिक निर्णय नभएसम्म सामाजिक सञ्जालमा गरिएका पोस्ट, व्यक्तिगत दाबी वा अपुष्ट प्रचारलाई उम्मेदवारी र टिकट वितरणको निर्णयका रूपमा नलिन आग्रह गर्दछौँ," नगर सभापति गुप्ताले भन्नुभयो, "उम्मेदवार छनोट र टिकट वितरण पार्टीले निर्धारण गरेको विधि र प्रक्रियाअनुसार सम्बन्धित निकायबाट हुनेछ। आधिकारिक निर्णयअघि उम्मेदवारको नाम सार्वजनिक गरेर भ्रम सिर्जना गर्ने कार्यप्रति पार्टीको ध्यानाकर्षण भएको छ ।

"पार्टीको नाम, झण्डा, लोगो वा आधिकारिक पहिचानको दुरुपयोग गरी गलत सूचना सम्प्रेषण नगर्न तथा पार्टीको निर्णयविपरीत प्रचारप्रसार नगर्न




पनि विज्ञप्तिमार्फत सम्बन्धित पक्षलाई आग्रह गरिएको छ ।

पार्टीका आधिकारिक निर्णय र सूचना सम्बन्धित आधिकारिक माध्यमबाट मात्र सार्वजनिक गरिने जनाउँदै विज्ञप्तिमा अपुष्ट सूचना शेयर, पुन:प्रकाशन वा प्रचारप्रसार नगर्न पार्टी सदस्य, शुभेच्छुक, सञ्चारकर्मी तथा आम नागरिकलाई आग्रह गरिएको छ ।

"कुनै पनि सूचना सार्वजनिक गर्नुअघि त्यसको आधिकारिकता पुष्टि गर्न आवश्यक छ," गुप्ताले भन्नुभयो, "पार्टीको नाम र आधिकारिक पहिचान प्रयोग गरेर अनाधिकृत सूचना सम्प्रेषण गर्ने कार्यले अन्योल सिर्जना गर्न सक्छ । त्यसैले आधिकारिक निर्णयलाई मात्र आधार बनाउन सबैमा आग्रह गर्दछौँ ।"

पार्टीको आधिकारिक निर्णयलाई तोडमोड गर्ने, गलत अर्थ लगाउने वा जानीजानी भ्रामक सूचना तथा अफवाह फैलाउने कार्य प्रमाणित भएमा पार्टीको विधान, आन्तरिक नियम तथा प्रचलित कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाइने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

रास्वपा गौशालाले उम्मेदवारी, टिकट वितरण तथा उम्मेदवार छनोटसम्बन्धी निर्णय सम्बन्धित पार्टी निकायबाट विधिवत् रूपमा भएपछि मात्र मान्य हुने स्पष्ट पार्दै आधिकारिक निर्णयलाई आधार बनाउन र भ्रमपूर्ण सूचना तथा अफवाहको प्रचार नगर्न सबैमा आग्रह गरेको छ ।

# मधेसमा दुई महिनामा ................

विस्थापित भएका छन् भने कतिपयको घर तथा सम्पत्तिमा क्षति पुगेको छ ।

बाढी तथा डुबानका कारण ग्रामीण क्षेत्रमा रहेका बस्ती, सडक तथा अन्य संरचनामा असर पर्ने गरेको छ। वर्षायाममा नदी तथा खोलाको पानी बस्तीमा पस्दा स्थानीयवासीलाई सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था आउने गरेको बरिष्ठ प्रहरी उपरीक्षक ढकालको भनाइ छ ।

विपद्का समयमा प्रभावित नागरिकको उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण तथा राहत वितरणका लागि स्थानीय प्रशासन, स्थानीय तह र सुरक्षा निकायले समन्वय गर्दै आएको उहाँले बताउनुभयो ।

विपद् व्यवस्थापन तथा उद्धार कार्यका क्रममा दुई हजार ८६९ जना प्रहरी परिचालन गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ। प्रहरीले विपद्का घटनामा उद्धार, खोजी, सुरक्षित स्थानमा स्थानान्तरण तथा राहत व्यवस्थापनमा सहयोग गर्दै आएको छ। बाढी, डुबान तथा अन्य जोखिमपूर्ण अवस्थामा प्रहरी टोलीलाई तत्काल परिचालन गर्ने गरिएको छ ।

मधेस प्रदेशका आठ वटै जिल्लामा विपद् व्यवस्थापनका लागि सुरक्षा निकायलाई तयारी अवस्थामा राखिने गरिएको उहाँले बताउनुभयो । रासस



# मधेशमा पहिलोपटक लोक तथा दोहोरीगीत प्रतिष्ठानको महाधिवेशन




**खबर दर्पण समाचारदाता**

**असोज १७ गते, बर्दिवास**

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालको नवौं राष्ट्रिय महाधिवेशन तथा रजत जयन्ती-२०८३ पहिलोपटक मधेश प्रदेशमा आयोजना हुने भएको छ। महाधिवेशन आगामी असोज २२ देखि २४ गतेसम्म महोत्तरीको बर्दिबासस्थित गौरीडाँडा खुला मञ्चमा हुने भएको हो ।

महाधिवेशनमा देशभरबाट करिब एक हजार पाँच सय प्रतिनिधि तथा पर्यवेक्षक सहभागी हुने प्रतिष्ठानकी केन्द्रीय अध्यक्ष रीता थापा मगर ले जानकारी दिनुभयो। शुक्रबार बर्दिबासमा आयोजित पत्रकार सम्मेलनमा उहाँले प्रतिष्ठानको २५ वर्षे संस्थागत यात्राको समीक्षा गर्दै आगामी कार्यदिशा तय गर्ने उद्देश्यले महाधिवेशन आयोजना गर्न लागिएको बताउनुभयो ।

'लोक संस्कृतिको संरक्षण, स्रष्टाको सम्मान, नवप्रतिभाको प्रोत्साहन' भन्ने मूल नारासहित हुने महाधिवेशनमा नयाँ नेतृत्व चयनसँगै संस्थाको नीति, कार्यक्रम र आगामी योजनाका विषयमा छलफल गरिने जनाइएको छ । उद्घाटन समारोहमा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, अग्रज कलाकार, स्रष्टा, सञ्चारकर्मी, उद्योगी-व्यवसायी तथा लोकसंस्कृतिप्रेमीको सहभागिता रहने प्रतिष्ठानले जनाएको छ । करिब ५० हजार सदस्य आबद्ध रहेको प्रतिष्ठानले मधेशमा महाधिवेशन आयोजना गर्नुलाई देशका विभिन्न भूगोलका लोकसंस्कृतिलाई जोड्ने अवसर का रूपमा लिएको छ । मधेश प्रदेशको मौलिक लोकसंस्कृतिसँग प्रतिष्ठानको सम्बन्ध थप सुदृढ गर्ने उद्देश्यसमेत रहेको जनाएको छ ।

प्रतिष्ठानका अनुसार देउडा, रोइला, सोरठी, मारुनी, तीज, असार , झ्याउरे, सालैजो, कौडा, सेलो, भजन, मालश्री तथा दोहोरी लगायतका लोकधुन नेपाली समाजको जीवनपद्धति, संस्कार र सांस्कृतिक विविधतासँग जोडिएका छन् । आधुनिक प्रविधि र सामाजिक सञ्जालका कारण लोकगीतको पहुँच बढे पनि यसको मौलिकता, भाषा, भाका र सांस्कृतिक सन्दर्भको संरक्षण आवश्यक रहेको प्रतिष्ठानले जनाएको छ ।

विसं २०५७ असोजमा नवलपरासीको अरुणखोलामा वरिष्ठ लोक तथा दोहोरी गायक एवं सर्जक अम्बर विरही गुरुङको अध्यक्षतामा तदर्थ समिति गठन भएपछि प्रतिष्ठानको संस्थागत यात्रा सुरु भएको हो । हाल रीता थापा मगरको नेतृत्वमा रहेको प्रतिष्ठानले सातै प्रदेश, ७० जिल्ला, उपत्यका तथा विदेशमा समेत संगठन विस्तार गरेको जनाएको छ ।

रजत जयन्तीका अवसरमा प्रतिष्ठानको २५ वर्षे यात्रामा योगदान पुऱ्याएका अग्रज स्रष्टा तथा विभिन्न क्षेत्रमा योगदान दिएका व्यक्तित्वलाई सम्मान गर्ने कार्यक्रमसमेत रहेको छ । महाधिवेशनका सहभागीका लागि बर्दिबासमा करिब एक हजार जनाको आवास व्यवस्थापन भइसकेको र बाँकीका लागि ढल्केबर, लालगढ तथा आवश्यक परे जनकपुरधाममा समेत व्यवस्था गरिने प्रतिष्ठानले जनाएको छ ।

# जनकपुरधामबाट १६१ ग्राम खैरो हेरोइनसहित एक युवक पक्राउ



**खबर दर्पण समाचारदाता**

**असोज १७ गते, बर्दिवास**

धनुषा प्रहरीले जनकपुरधाम उपमहानगरपालिका-१४ स्थित बाबा पेट्रोल पम्प अगाडिबाट खैरो हेरोइनजस्तो देखिने लागुऔषधसहित एक युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सर्लाहीको लालबन्दी नगरपालिका-७ का अन्दाजी २७ वर्षीय अरविन्द कुमार साह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार शनिबार करिब ४:२० बजे वडा प्रहरी कार्यालय मुजेलिया र लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिवास महोत्तरीबाट खटिएको संयुक्त प्रहरी टोलीले महेन्द्रनगरबाट जनकपुरधामतर्फ आउँदै गरेको मोटरसाइकललाई शंका लागेर रोकी जाँच गरेको थियो ।

चेकजाँचका क्रममा प्र.२-०२-००१ प ७८८९ नम्बरको मोटर साइकलको सिटमुनि लुकाएर राखिएको १६१ दशमलव ९७ ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ ।

पदार्थ बरामद भएपछि प्रहरीले मोटरसाइकल चालक साहलाई मोटरसाइकलसहित नियन्त्रणमा लिएको हो ।

पक्राउ परेका साहमाथि बरामद पदार्थको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

डीएसपी खनालले घटनाबारे जानकारी दिँदै लागुऔषध नियन्त्रणका लागि नियमित निगरानी तथा जाँचलाई निरन्तरता दिइएको बताए ।

# हँसपुर-८ का वडाध्यक्ष मण्डलको निधन



**खबर दर्पण समाचारदाता**

**असोज १७ गते, बर्दिवास**

नेपाली कम्युनिस्ट पार्टीका नेता तथा हँसपुर नगरपालिका-८ का वडाध्यक्ष देव नारायण मण्डलको हृदयघातका कारण निधन भएको छ ।

मण्डलको निधनको खबरले हँसपुर नगरपालिका तथा आसपासको क्षेत्रमा शोक छाएको छ ।

स्थानीय तहको जनप्रतिनिधिका रूपमा कार्यरत मण्डलको निधनले स्थानीयवासी, राजनीतिक सहकर्मी तथा शुभेच्छुकहरू स्तब्ध भएका छन् ।

मण्डल नेपाली कम्युनिस्ट पार्टीमा आबद्ध रही राजनीतिक तथा सामाजिक गतिविधिमा सक्रिय रहँदै आएका थिए ।

हँसपुर नगरपालिका-८ को वडाध्यक्षका रूपमा उनले स्थानीयस्तरमा विभिन्न काममा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका थिए ।

उनको निधनप्रति राजनीतिक सहकर्मी, जनप्रतिनिधि, स्थानीयवासी तथा शुभेच्छुकहरूले दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेका छन् ।

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

**बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं**

**स्वास्थ्य कार्यालय महोत्तरी, जलेश्वर**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,